# कपुरकोट गाउँपालिका सल्यानको आर्थिक ऐन २०८०

**कपुरकोट गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**कर्णाली प्रदेश, नेपाल**

प्रमाणिकरण मितिः २०८०।०३।३०

# कपुरकोट गाउँपालिकाको अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन,

**प्रस्तावना :**

कपुरकोट गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम कपुरकोट गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम आर्थिक ऐन, २०८० रहेको छ ।

(२) यो ऐन, २०८० साल श्रावण १ गतेदेखि कपुरकोट गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

**२. सेवा शुल्क दस्तुर तथा जरिवाना :** गाउँ कार्यपालिकावाट सेवा सुविधा पुऱ्याए वापत अनुसूची (१) बमोजिम सेवा शुल्क दस्तुर महशुल तथा जरिवाना असुल उपर गरिनेछ ।

**३. भूमिकर (मालपोत) तथा घर कर :** गाउँपालिका क्षेत्र भित्र अनुसूची (२) बमोजिम भूमिकर (मालपोत) तथाघर कर लगाईने र असुल उपर गरिनेछ ।

**४. घरजग्गा बहाल कर :** गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा बहाल कर लगाइने र असुल उपर गरिनेछ ।

**५. व्यवसाय कर :**गाउँपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारमा व्यवसायको प्रकृतिका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

**६. जडिबुटी, कवाडी र जीवजन्तु कर:** गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले जडिबुटी, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीव जन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोबार गरे बापत अनुसूची (५) बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ ।

**७. सवारी साधन कर:** गाउँपालिका क्षेत्र भित्र दर्ता भएका सवारी साधनको हकमा गाउँ कार्यपालिकाले निर्णय गरी लागू गरे बमोजिम हुनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**८. बिज्ञापन कर:** गाउँपालिका क्षेत्र भित्र हुने विज्ञापन कर अनुसूची (६) बमोजिम कर लगाइने र असुल उपरगरिनेछ ।

**९. मनोरञ्जन कर:** गाउँपालिका क्षेत्र भित्र हुने मनोरञ्जन व्यवसाय सेवामा कर लगाउन आवश्यक निर्णय गरी कर लगाउन गाउँ कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने, तर प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**१०. बहाल बिटौरी कर :** गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको अनुसूची (७)मा उल्लेख भए बमोजिम हाल बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाईने र असुल उपर गरिनेछ ।

**११. दहत्तर बहत्तर कर :** गाउँपालिका क्षेत्रभित्र तथा पालिका क्षेत्रभित्र ढुंगा, गिट्टी, बालुवा निकासी एवम् उपयोग गरे वापत अनुसुची ११ (४) मा भएको व्यवस्था अनुसार शुल्क लगाईने र असुल उपर गरिनेछ ।

**१२. पार्किङ शुल्कः** गाउँपालिका क्षेत्र भित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलव्ध गराए वापत अनुसूची (८) बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ ।

**१३. सवारी सेवा शुल्क, दस्तुर :** गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका सडकहरुमा सञ्चालन हुने सवारी साधनहरुमा अनुसूची (९) बमोजिम सवारी साधन सेवा शुल्क लगाई असुल उपर गरिनेछ ।

**१४. घर नक्शा पास दस्तुर :** घर नक्शापास दस्तुर अनुसूची (१०) बमोजिम लगाई असुल उपर गरिनेछ ।
**१५. फोहरमैला व्यवस्थापन तथा सरसफाई शुल्क :** फोहरमैला व्यवस्थापन तथा खानेपानीको शुल्क अनुसूची १२ बमोजिम लगाई असुलउपर गरिने छ ।

**१६. अन्य क्षेत्रगत सेवाशुल्क :** अन्य क्षेत्रगत विषयको शुल्क सम्वन्धमा कार्यविधि निर्माण भएकोमा सोही कार्यविधि बमोजिम हुने तर कार्यविधि निर्माण नभएसम्म यसै ऐन बमोजिम हुनेछ।

**१७.** यस ऐनमा उल्लेख नभएका विषयमा पुंजी र प्रकृतिका आधारमा रु ५०० देखी रु ५०००० सम्म वा गाउँ कार्यपालिकावाट तोकिएको दररेटलाई कायम गरी असुल उपर गरिनेछ ।

**१८.**पहिलो पटक व्यवसाय दर्ता गर्दा प्रत्येक व्यवसायको दर्ता तथा प्रमाण पत्र शुल्क वापत एक पटक मात्र रु. ५००।० र नवीकरण गर्दा वार्षिक व्यवसाय कर मात्र लाग्नेछ । यवसाय दर्ता प्रमाण पत्रको प्रतिलिपि लिदा रु १००। लाग्नेछ ।

**१९.जरिवानाः** व्यवसाय नविकरण हरेक आर्थिक वर्षको असोज मसान्त भित्र गरिसक्नु पर्नेछ। उक्त समयभित्र नविकरण नगरेमा नविकरण रकमको १० प्रतिशत जरिवाना गरिनेछ। गत विगतका आ.व.मा नविकरण नगरेका व्यवसायको हकमा हालको आ.व.को नविकरण रकमका दरले वार्षिक हिसाब गणना गरी सो मा एकमुष्ट १५ प्रतिशत जरिवाना समेत गरिनेछ। बिबाह गर्नुपुर्व सिफारिस नलिई बिबाह गरेमा रु २००० जरिवाना गरिनेछ । अव्यवस्थित सवारी पार्किङ गरेमा ठुला सवारी साधनको रु ५००। साना साधन रु २०० र ओभरलोड सामान ढुवानी गरेमा एक पटमा रु ५०० जरिवाना गरिनेछ ।

**२०. कर छुट :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन । तर अपांगता भएका व्यक्ति, कुनै घटनावाट पीडित वा कडा रोग लागेको व्यक्तिको लागि सिफारिस दस्तुर छुट दिन सकिनेछ । यस ऐनमा उल्लेख नभएका विषयहरूमा गाउँ कार्यपालिकाले निर्णय गरी करका दरहरू तोक्न सक्नेछ। र यसरी गाउँ कार्यपालिकाबाट लागू गरिएका करहरु त्यस पछि लगत्तै बस्ने गाउँसभाबाट अनुमोदन गर्नु पर्नेछ ।

**२१. कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधि :** यो ऐनमा भएको व्यवस्था कार्यान्वयन गर्नका लागि यस ऐन संग नबाझिने गरी कर तथा शुल्क संकलन सम्बन्धी आवश्यक नियम, निर्देशिका वा कार्यविधि बनाई लागु गर्न सक्ने छ ।

**२२. ऐनको ब्याख्या तथा खारेजी :**

क) यस ऐनमा उल्लेखित नभएका विषयको हकमा गाउँ कार्यपालिकाले करको दर ब्याख्या गर्न सक्ने छ ।

ख) गाउँपालिकाले लागू गर्दै आएका ब्यवस्थाहरु संघीय तथा प्रदेश कानून वा अन्य ऐनसंग प्रतिकुल देखिएमा प्रतिकुल भएको हदसम्म खारेज हुनेछ ।

अनुसूची (१)

## सेवा शुल्क तथा जरिवाना

(क) सिफारिस तथा प्रमाणित

| सि.नं. | विवरण | शुल्क/दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | निवेदन दस्तुर र बिबाह सिफारिस | निशुल्क | |
| २ | विदेशी प्रयोजनका लागि अंग्रेजीमा गरिने सबै सिफारिस वा प्रमाणितमा दस्तुर | ६००।० | |
| ३ | नागरिकता सिफारिस | ३००।० | |
| ४ | प्रतिलिपि नागरिकता सिफारिस | ६००।० | |
| ५ | अंगीकृत नागरिकता सिफारिस | ५००।० | |
| ६ | नाता प्रमाणित स्वेदेशी प्रयोजन | १०००।० | |
| ७ | नाता प्रमाणित बिदेशी प्रयोजन | २०००।० | |
| ८ | हकवाला सिफारिस | १०००।० | |
| ९ | नाता कायम सिफारिस | ३००।० | |
| १० | पारिवारिक विवरण प्रमाणित सिफारिस | ५००।० | |
| ११ | बसोबास प्रमाणित सिफारिस | ५००।० | |
| १२ | नाबालक सिफारिस | ३००।० | |
| १३ | जन्म मिति प्रमाणित | ५००।० | |
| १४ | बैबाहिक सम्वन्ध प्रमाणित | ३००।० | |
| १५ | अविवाहित प्रमाणित | ३००।० | |
| १६ | व्यक्तिगत विवरण प्रमाणित | ५००।० | |
| १७ | चारित्रिक प्रमाणित | २००।० | |
| १८ | सम्वन्ध विच्छेद प्रमाणित | ५००।० | |
| १९ | सिफारिस नलिई बिबाह गरेमा थप | २०००।० | |
| २० | खानेपानी, टेलिफोन जडान, नामसारी, ठाउँसारी सिफारिस | ३००।० | |
| २१ | बिद्युत मिटर जडान सिफारिस घरायसी | ३००।० | |
| २२ | बिद्युत मिटर जडान सिफारिस उद्योग | २०००।० | |
| २३ | बिद्युत मिटर जडान सिफारिस कृषि प्रयोजन | ५००।० | |
| २४ | वनजन्य बस्तुको सिफारिस | १५००।० | |
| २५ | गाउँपालिकामा दर्ता हुने संघ संस्था दर्ता तथा<br>नवीकरण सिफारिस (टोल विकास संस्था) | १०००।०<br>५००।० | |
| २६ | महिला समुह दर्ता<br>नवकिरण सिफारिस | ५००।०<br>२००।० | |
| २७ | मुहान दर्ता तथा<br>नविकरण सिफारिस | १०००।०<br>५००।० | |
| २८ | खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता<br>तथा नवकिरण सिफारिस | १०००।०<br>५००।० | |
| २९ | पेन्शन सिफारिस | ५००।० | |
| ३० | जग्गाधनी पूर्जा प्रतिलिपि सिफारिस | ५००।० | |
| ३१ | सरजमीन मुचुल्का दस्तुर | ५००।० | |
| ३२ | क बर्गको बैंकको प्रधान कार्यालय रहने गरी स्थापना अनुमति | १००००।० | |

| | | | |
|---|---|---|---|
| | सिफारिस | | |
| ३३ | ख बर्गको बैंकको प्रधान कार्यालय रहने गरी स्थापना अनुमति सिफारिस | ८०००।० | |
| ३४ | ग बर्गको बित्तीय संस्था प्रधान कार्यालय रहने गरी स्थापना अनुमति सिफारिस | ६०००।० | |
| ३५ | घ बर्गको बित्तीय संस्था प्रधान कार्यालय रहने गरी स्थापना अनुमति सिफारिस | ५०००।० | |
| ३६ | क बर्गको बैंक शाखा स्थापना अनुमति सिफारिस | ८०००।० | |
| ३७ | ख बर्गको बैंक शाखा स्थापना अनुमति सिफारिस | ६०००।० | |
| ३८ | ग बर्गको बित्तीय संस्था शाखा स्थापना अनुमति सिफारिस | ५०००।० | |
| ३९ | घ बर्गको बित्तीय संस्था शाखा स्थापना अनुमति सिफारिस | ४०००।० | |
| ४० | उजुरी निवेदन दस्तुर | १००।० | |
| ४१ | मिलापत्र दस्तुर | १००।० | |
| ४२ | घर खाली गराउँदा रोहबर प्रतिदिन | १०००।० | |
| ४३ | नाम,थर, जन्म मिति संशोधन सिफारिस | ३५०।० | |
| ४४ | फरक फरक नाम,थर जन्म मिति एउटै हो भनी गरिने प्रमाणित सिफारिस | ५००।० | |
| ४५ | व्यक्तिगत घटना दर्ता (जन्म,मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता ऐन र नियमावली बमोजिम) | २०० | |
| ४६ | व्यक्तिगत घटना दर्ता प्रमाण पत्रको प्रतिलिपि | ५००।० | |
| ४७ | कागज वा मञ्जुरनामा प्रमाणित दस्तुर | ३००।० | |
| ४८ | व्यक्तिगत वा संस्थागत संरक्षक प्रमाणित वा सिफारिस | ३००।० | |
| ४९ | जिवित रहेको सिफारिस | ३००।० | |
| ५० | हकवाला वा हकदार प्रमाणित वा सिफारिस | ३००।० | |
| ५१ | आर्थिक अवस्था सिफारिस वा प्रमाणित (विपन्नता, सम्पन्नता) | १०० र ५०० | |
| ५२ | पालन पोषणको लागि वा पालनपोषण गरेको सिफारिस | २००।० | |
| ५३ | जग्गाको हक सम्वन्धमासिफारिस | ५००।० | |
| ५४ | अन्य सामान्य र पटके सिफारिस | ३००।० | |
| | | | |
| **५५** | **गै.स.स.दर्ता तथा सञ्चालन अनुमति सिफारिस** | | |
| ५५.१ | स्थानीय स्तर | १०००।० | |
| ५५.२ | जिल्ला स्तर | २०००।० | |
| ५५.३ | प्रदेश स्तर | ३०००।० | |
| ५५.४ | राष्ट्रिय स्तर | ४०००।० | |
| **५६** | **गै.स.स.नविकरण तथा सञ्चालन अनुमति सिफारिस** | | |
| ५६.१ | स्थानीय स्तर | ५००।० | |
| ५६.२ | जिल्ला स्तर | १०००।० | |
| ५६.३ | प्रदेश स्तर | १५००।० | |
| ५६.४ | राष्ट्रिय स्तर | २०००।० | |
| ५६.५ | वडाबाट गाउँपालिकामा व्यवशाय, फार्म दर्ता सिफारिस | ३००।० | |
| ५७ | **घ** बर्गको निर्माण व्यवसाय सञ्चालन अनुमति पत्र | १५०००।० | |

| | | | |
|---|---|---|---|
| ५७.१ | **घ** बर्गको निर्माण व्यवसाय सञ्चालन अनुमति पत्र नवीकरण | ५०००।० | |
| ५८ | लेनदेनको तमशुक दस्तुर | १०००।० | |
| ५९ | गाई, भैसी उपचार प्रतिगोटा | रू १०।० | |
| ६० | **पशुपंक्षी उपचार दस्तुर** | | |
| ६०.१ | कृतिम गर्भाधान प्रतिगोटा | रू २५।० | |
| ६०.२ | भेडा,बाख्रा उपचार प्रतिगोटा | रू ५।० | |
| ६०.३ | कुकुर उपचार प्रतिगोटा | रू २५।० | |
| ६०.४ | पंक्षी प्रजाती उपचार प्रतिगोटा | रू १०।० | |
| ६०.५ | बन्ध्याकरण प्रतिगोटा | रू १०।० | |
| | | | |

**(ख) रूख कटान सिफारिस**

| सि.नं. | विवरण | शुल्क/दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | १ देखि २५ वटा रूखसम्म प्रति रूख | ३००।० | |
| २ | २६ देखि ५० वटा रूखसम्म प्रति रूख | २५०।० | |
| ३ | ५१ देखि १०० सम्म प्रति रूख | २००।० | |
| ४ | १०० भन्दा माथि प्रति रूख | १००।० | |

**(ग) घरेलु तथा साना उद्योग दर्ता सिफारिस**

| सि.नं. | विवरण | शुल्क/दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | कुटानी पिसानी मिल दर्ता तथा बिक्री नामसारी सिफारिस | १०००।० | |
| २ | स:मिल (काठ चिरानी) दर्ता सिफारिस | ५०००।० | |
| ३ | साना तथा घरेलु उद्योग दर्ता तथा बिक्री नामसारी सिफारिस | १०००।० | |
| ४ | मझौला उद्योग दर्ता तथा बिक्री नामसारी सिफारिस | २०००।० | |
| ५ | ठूला उद्योग दर्ता तथा बिक्री नामसारी सिफारिस | ५०००।० | |
| ६ | व्यवसाय बन्द तथा नाम परिवर्तन सिफारिस | ५००।० | |
| ७ | मदिरा व्यवसाय (खुद्रा) दर्ता सिफारिस (इजाजत प्राप्तलाई मात्र) | ३०००।० | |
| ८ | मदिरा व्यवसाय (थोक) दर्ता सिफारिस (इजाजत प्राप्तलाई मात्र) | ५०००।० | |
| ९ | पर्यटन स्तरीय होटल दर्ता सिफारिस | ५०००।० | |
| १० | अन्य होटल दर्ताको सिफारिस | २०००।० | |
| ११ | फर्निचर उधोग दर्ता सिफारिस | १०००।० | |

**(घ) जग्गा तथा चार किल्ला प्रमाणित दस्तुर**

| सि.नं. | विवरण | शुल्क/दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | चारकिल्ला प्रमाणित दस्तुर पहिलो कित्ता | ५००।० | |
| २ | चार किल्ला प्रमाणित दस्तुर थप प्रति कित्ता | १००।० | |
| ३ | जग्गा दर्ता तथा नामसारी सिफारिस ५ रोपनी सम्म | ५००।० | |
| ४ | जग्गा दर्ता तथा नामसारी सिफारिस थप प्रति रोपनी | ५०।० | |
| ५ | राजिनामा तथा बकसपत्रसिफारिस | ५००।० | |
| ६ | अँशबण्डा सिफारिस | ५००।० | |
| ७ | नाम सच्याउने सिफारिस | ५००।० | |

| | | | |
|---|---|---|---|
| ८ | घरबाटो सिफारिस १ कित्ता | ५००।० | |
| ९ | घरबाटो सिफारिस थप प्रति कित्ता | १००।० | |
| | | | |

**(ङ) निजी बिद्यालय दर्ता तथा कक्षा थप दस्तुर**

| सि.नं. | विवरण | शुल्क/दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | शिशु कक्षा दर्ता | ५०००।० | |
| २ | आधारभूत तह | ७०००।० | |
| ३ | माध्यमिक तह | ९०००।० | |
| ४ | कक्षा थप प्रति कक्षा | २०००।० | |

**(च) सामुदायिक बिद्यालय दर्ता तथा कक्षा थप दस्तुर**

| सि.नं. | विवरण | शुल्क/दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | शिशु कक्षा सञ्चालन दर्ता अनुमति | १०००।० | |
| २ | आधारभुत स्तर दर्ता अनुमति | २०००।० | |
| ३ | मा.वि स्तर दर्ता अनुमति | ५०००।० | |
| ४ | क्याम्पस स्तर दर्ताको सिफारिस | १००००।० | |
| ४ | कक्षा थप प्रति कक्षा | १०००।० | |
| | | | |

**(छ) घरजग्गा मूल्यांकन दस्तुर**

| सि.नं. | विवरण | शुल्क/दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | १ लाख रूपैयाँ सम्म | १०००।० | |
| २ | थप प्रति लाख को | १००।० | |
| ३ | आयश्रोत प्रमाणित न्युनतम | ५००। | |
| ३ | आयश्रोत प्रमाणित प्रति लाख | १००।० | |

**(ज) घडेरी प्लटिङमा बाटोको लगत कट्टी सिफारिस दस्तुर**

| सि.नं. | विवरण | शुल्क/दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | प्लटिङ अनुमति प्रति रोपनी | ५०००।० | |
| २ | बाटोको लगत कट्टी प्रति रोपनी वा अंशको | १०००।० | |

## अनुसूची (२)
## भूमीकर (मालपोत)

| सि.नं. | विवरण | शुल्क/दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | **घर कर** | | |
| | क) फूसको छाना भएको कच्ची घर | १००।० | |
| | ख) ढुंगा,जस्ता पाता, टायलको छाना भएको घर | २००।० | |
| | ग) पक्की ढलान घर प्रति तला | ३००।० | |
| **२** | **मालपोत तथा भूमीकर खेत तर्फ प्रति रोपनी** | | |
| | क) अव्वल | ३५।० | |

| | | | |
|---|---|---|---|
| | ख) दोयम | ३०।० | |
| | ग) सिम | २५।० | |
| | घ) चाहार | २०।० | |
| **३** | **मालपोत तथा भूमीकर पाखो बारी तर्फ प्रति रोपनी** | | |
| | क) अव्वल | ३०।० | |
| | ख) दोयम | २८।० | |
| | ग) सिम | २५।० | |
| | घ) चाहार | २०।० | |

## अनुसूची (३)
## घरजग्गा बहाल कर

| **सि.नं.** | **विवरण** | **शुल्क/दस्तुर** | कैफियत |
|---|---|---|---|
| १ | आफ्नो निजी घर, पसल ग्यारेज, गोदाम, शेड, कारखाना वा पोखरी कुनै व्यक्तिले पुरै वा आंशिक रूपमा वहालमा दिएकोमा | १० प्रतिशतका दरले | |
| २ | आफ्नो निजी सवारी साधन पुरै वा आंशिक रूपमा बहालमा लगाइएको | १० प्रतिशतका दरले | |

## अनुसूची (४)
## व्यवसाय कर

| **सि.नं.** | **विवरण** | **वार्षिक कर** | **कैफियत** |
|---|---|---|---|
| **१** | **बिक्री तथा व्यवसायमूलक व्यवसायहरू** | | |
| **१.१** | **मदिरा पसल (डिस्टिव्यूटर्स, थोक पसल तथा खुद्रा पसल)** | | |
| | रक्सी बियरको डिस्टिव्यूटर्स | १००००।० | |
| | रक्सी बियरको थोक पसल | ८०००।० | |
| | रक्सी बियरको खुद्रा पसल | २०००।० | |
| **१.२** | **सूर्तीजन्य (धुम्रपान) पसल** | | |
| | चुरोट बिडी, सूर्तीजन्य पदार्थको डिलर पसल | ५०००।० | |
| | चुरोट बिडी, सूर्तीजन्य पदार्थको थोक पसल | ४०००।० | |
| | चुरोट बिडी, सूर्तीजन्य पदार्थको खुद्रा पसल | १५००।० | |
| **१.३** | **हल्का पेय पदार्थ पसल** | | |
| | हल्का पेय पदार्थको डिलर | ५०००।० | |
| | हल्का पेय पदार्थको खुद्रा पसल | १५००।० | |
| **१.४** | **सुनचाँदी पसल** | | |
| | काँचो सुन थोक बिक्रेता | ५०००।० | |
| | अन्य सुनचाँदी पसल | २५००।० | |
| | हातले बनाउने र मर्मत गर्ने सुनचाँदी पसल | १५००।० | |
| **१.५** | **औषधि डिस्टिव्यूटर्स** | १००००।० | |
| | औषधि थोक बिक्रेता | ७०००।० | |
| | औषधि खुद्रा पसल डाक्टर भएको | ४०००।० | |

| | | | |
|---|---|---|---|
| | औषधि खुद्रा पसल डाक्टर नभएको | ३०००।० | |
| १.६ | **आयुर्वेदिक औषधि पसल** | | |
| | हर्वल उत्पादन तथा आयुर्वेदिक औषधि थोक पसल | ४०००।० | |
| | हर्वल उत्पादन तथा आयुर्वेदिक औषधि खुद्रा पसल | २०००।० | |
| १.७ | **एग्रो भेट थोक पसल** | ५०००।० | |
| | एग्रोभेट खुद्रा पसल | ३०००।० | |
| | ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता | १०००।० | |
| १.८ | **पुस्तक तथा स्टेशनरी पसल** | | |
| | स्टेशनरी, पुस्तक डिस्टिव्यूटर्स तथा कापी उद्योग | ४०००।० | |
| | स्टेशनरी तथा पुस्तक थोक पसल | २५००।० | |
| | स्टेशनरी तथा पुस्तक खुद्रा पसल | १०००।० | |
| | मुद्रण सामाग्री खरिद विक्री | २०००।० | |
| १.९ | **पुजा सामाग्री पसल** | ५००।० | |
| १.१० | **कस्मेटिक पसल** | | |
| | कस्मेटिक पसल थोक | २०००।० | |
| | कस्मेटिक पसल खुद्रा | ५००।० | |
| १.११ | **मोटर पार्ट बिक्री पसल** | | |
| | मोटर पार्ट बिक्री ग्यारेज सहित | ५०००।० | |
| | मोटर पार्ट सामान बिक्री पसल | २५००।० | |
| | ग्यारेज मात्र | २०००।० | |
| | मोटरसाइकल वर्कसप | ३०००।० | |
| १.१२ | **लुब्रिकेसन** | | |
| | लुब्रिकेसन डिस्टिव्यूटर्स | ४०००।० | |
| | लुब्रिकेसन थोक पसल | २५००।० | |
| | लुब्रिकेसन खुद्रा पसल | १५००।० | |
| १.१३ | **प्लाइ हाउस थोक पसल** | ४०००।० | |
| | प्लाई हाउस खुद्रा पसल | २०००।० | |
| | ग्लास हाउस थोक पसल | ४०००।० | |
| | ग्लास हाउस खुद्रा पसल | २०००।० | |
| | प्लाई तथा ग्लास हाउस थोक | ६०००।० | |
| | प्लाई तथा ग्लास हाउस खुद्रा | ३०००।० | |
| १.१४ | **कपडा तथा फेन्सी पसल** | | |
| | काँचो कपडा थोक पसल | ४०००।० | |
| | काँचो कपडा खुद्रा पसल | १५००।० | |
| | फेन्सी तथा व्याग थोक पसल | ४०००।० | |
| | फेन्सी तथा व्याग खुद्रा पसल | १५००।० | |
| १.१५ | **धागो टाँक फस्नर थोक पसल** | १०००।० | |
| | धागो टाँक फस्नर खुद्रा पसल | ५००।० | |
| १.१६ | **इलेक्ट्रोनिक बिक्री पसल** | | |
| | मोबाइल कम्पनी बिकी शाखा,उपशाखा,वितरक | ४०००।० | |
| | इलेक्ट्रोनिक थोक पसल | ३५००।० | |
| | इलेक्ट्रोनिक खुद्रा पसल | १५००।० | |

| | | | |
|---|---|---|---|
| | अडियो,भिडियो क्यासेट पसल | १०००।० | |
| **१.१७** | **बिद्युतिय सामाग्री पसल** | | |
| | बिद्युतिय सामाग्री थोक पसल | ४०००।० | |
| | बिद्युतिय सामाग्री खुद्रा पसल | १०००।० | |
| **१.१८** | **हार्डवेयर,मेशिनरी,पेन्ट,सेनेटरी तथा मार्बल पसल** | | |
| | थोक पसल | ७०००।० | |
| | खुद्रा पसल | ५०००।० | |
| **१.१९** | **पेट्रोलियम पदार्थ बिक्रेता** | | |
| | १ मात्र पम्प भएको | ५०००।० | |
| | २ वटा पम्प भएको | ८०००।० | |
| | २ भन्दा बढी पम्प भएको | १००००।० | |
| | ग्याँस डिलर | २०००।० | |
| | ग्याँस विक्रेता | १५००।० | |
| **१.२०** | **स्टील,आल्मुनियमको भाँडा तथा अन्य पसल** | | |
| | भाडा पसल थोक | ४०००।० | |
| | भाडा पसल खुद्रा | २०००।० | |
| **१.२१** | **फर्निसर्श पसल** | | |
| | फ्लोरिङ तथा फर्निसर्श थोक पसल | ३०००।० | |
| | फ्लोरिङ तथा फर्निसर्श खुद्रा पसल | १०००।० | |
| **१.२२** | **सवारी साधन एजेन्सी तथा थोक बिक्री पसल** | | |
| | बस,ट्रक,टेक्टर,जीप,कार डिलर/बिक्रेता | २१००००।० | |
| | मोटरसाइकल, इन्धनवाला अटो रिक्सा डिलर/बिक्रेता | ११५००।० | |
| | इलेक्ट्रिक साइकल इलेक्ट्रिक अटो रिक्सा डिलर/बिक्रेता | ६०००।० | |
| | अन्य साइकल रिक्सा डिलर/बिक्रेता | २५००।० | |
| | इलेक्ट्रिक वा इलेक्ट्रोनिक रिकण्डिसन हाउस | ५५००।० | |
| **१.२३** | **थोक तथा एजेन्सी एवम् खुद्रा पसल** | | |
| | टायर डिलर | ४०००।० | |
| | टायर बिक्रेता | ३०००।० | |
| | पम्पिङ सेट जेनेरेटर डिलर | ४०००।० | |
| | पम्पिङ सेट जेनेरेटर बिक्रेता | ३०००।० | |
| | अन्य विविध विषयका सामान सप्लायर्स तथा एजेन्सी | ३०००।० | |
| **१.२४** | **दैनिक उपभोग्य बस्तु** | | |
| | खाद्यान्न सप्लायर्स | ४०००।० | |
| | किराना खाद्यान्न पसल अन्य सामान सहित | २५००।० | |
| | किराना पसल सटर सहित | १०००।० | |
| | साना किराना पसल घुम्ति पसल समेत | ५००।० | |
| | गल्ला थोक | २०००।० | |
| **१.२५** | **फलफूल पसल** | | |
| | फलफूल थोक पसल | ४०००।० | |
| | फलफूल खुद्रा पसल | १५००।० | |
| **१.२६** | **तरकारी पसल** | | |
| | तरकारी थोक पसल | ४०००।० | |

| | | | |
|---|---|---|---|
| | तरकारी खुद्रा पसल | १५००।० | |
| **१.२७** | **स्वास्थ्य सेवा व्यवसाय** | | |
| | गैर सरकारी अस्पताल | ६०००।० | |
| | नर्सिङ होम | ६०००।० | |
| | एम.आर.आइ., सि.टि.स्क्यान, अल्ट्रा साउण्ड क्लिनिक | ३०००।० | |
| | पोली क्लिनिक | २५००।० | |
| | प्याथोलोजी (दिसा, पिसाव, रगत आदि जांच) क्लिनिक | १५००।० | |
| | अक्युपन्चर, फिजियो थेरापी, स्वास्थ क्लिनिक | १५००।० | |
| | एक्सरे क्लिनिक | १५००।० | |
| | चश्मा पसल | १०००।० | |
| | कन्सल्टेण्ट चिकित्सक क्लिनिक | ४०००।० | |
| | एमबीबीएस, बीएएमएस, बीडीएस क्लिनिक | २५००।० | |
| | हे.अ. ,कविराज ,ल्या.टे.,दन्त सहायक | १५००।० | |
| | सिएमए,बैद्य ल्याव | १०००।० | |
| | औषधि पसल एलोपेथी,आयुर्वेद,होमियोप्याथी | १०००।० | |
| **१.२८** | **कन्सल्टेन्सी सेवा** | | |
| | इन्जिनियरिङ तथा अन्य परामर्श सेवा | २५०००।० | |
| **१.२९** | **कानून व्यवसायी** | | |
| | ल फर्म तथा कानूनी परामर्श सेवा नोटरी पव्लिक समेत | २५००।० | |
| | लेखापढी फर्म | १५००।० | |
| **१.३०** | **लेखा परीक्षण व्यवसाय** | | |
| | लेखा परीक्षक (सी ए) | ५०००।० | |
| | लेखा परीक्षक अन्य | ३०००।० | |
| **१.३१** | **अनुसन्धान सेवा** | | |
| | अनुसन्धानकर्ता | २०००।० | |
| | कम्प्युटर एनालिष्ट तथा प्रोग्रामर | २०००।० | |
| | बीमा एजेन्ट | २०००।० | |
| **१.३२** | **निर्माण व्यवसायी** | | |
| | क बर्ग | १००००।० | |
| | ख बर्ग | ८०००।० | |
| | ग बर्ग | ६०००।० | |
| | घ बर्ग | ५०००।० | |
| | ढुवानी कम्पनी तथा ट्रान्स्पोर्ट व्यवसाय | ३०००।० | |
| | पेन्टर | २०००।० | |
| **१.३३** | **सटरिङ तथा ग्रिल व्यवसाय** | | |
| | मिक्स्चर तथा सटरिङ सामान भएको | ४०००।० | |
| | सटरिङ मात्र भएको | २०००।० | |
| | ग्रिल उद्योग | ३०००।० | |
| **२** | **उत्पादनमूलक उद्योग** | | |
| **२.१** | कृषिजन्य | | |
| | ठूला (२५ लाख पुँजी भन्दा माथि) | १००००।० | |
| | मझौला(१५ लाख देखि २५ लाख सम्मको पुँजी) | ७०००।० | |

| | | | |
|---|---|---|---|
| | साना(१५ लाख सम्मको पुँजी) | ५०००।० | |
| २.२ | गैर कृषिजन्य | | |
| | ठूला (२५ लाख पुँजी भन्दा माथि) | २००००।० | |
| | मझौला(१५ लाख देखि २५ लाख सम्मको पुँजी) | १५०००।० | |
| | साना (१५ लाख सम्मको पुँजी) | १००००।० | |
| २.३ | प्लाष्टिकजन्य सबै उद्योग | ५०००।० | |
| २.४ | **साबुन उद्योग** | | |
| | साबुन सरफ उद्योग ठूला | १००००।० | |
| | साबुन सरफ उद्योग मझौला | ७०००।० | |
| | सावुन सरफ उद्योग साना | ४०००।० | |
| २.५ | **जुत्ता उद्योग** | | |
| | जुत्ता उद्योग तथा जुत्ताको शो रूम | २०००।० | |
| | जुत्ता चप्पल पसल | १०००।० | |
| | जुत्ता मर्मत गर्ने पसल | ५००।० | |
| २.६ | **कृषि फर्म तथा पशु आहार उद्योग** | | |
| | पशु आहारा उद्योग | २०००।० | |
| | पशु आहार बिक्री केन्द्र | १०००।० | |
| | गाई भैसी फर्म | १०००।० | |
| | बंगुर फर्म, माछा फर्म, भेडाबाखा फर्म, कृषि फर्म प्रत्येकको | १०००।० | |
| | रासायनिक मल बिक्रेता | १५००।० | |
| | कृषक समूह दर्ता | ५००।० | |
| | कृषक समूह नवीकरण | २००।० | |
| | पंक्षी फर्म दर्ता | १०००।० | |
| | पंक्षी फर्म नवीकरण | ५००।० | |
| २.७ | **घरेलु कुटिर उद्योग** | | |
| | अगरबत्ति उद्योग | ६००।० | |
| | मैनबत्ति उद्योग | ६००।० | |
| | टीका उद्योग | ३००।० | |
| | अचार उद्योग | ३००।० | |
| | अन्य कुटिर उद्योग | ३००।० | |
| २.८ | **कपडा तथा गार्मेन्ट उद्योग** | | |
| | कपडा उद्योग | ६०००।० | |
| | गारमेन्ट उद्योग | ४०००।० | |
| | ज्याकेट तथा व्याग उद्योग | ४०००।० | |
| | होजियारी तथा धागो उद्योग | ३०००।० | |
| | सिरक डसना उद्योग/पसल | ३०००।० | |
| | ढाका उद्योग | १२००।० | |
| २.९ | **पेय पदार्थ उत्पादन उद्योग** | | |
| | मिनरल वाटर उद्योग | ३०००।० | |
| | ड्रिंकीङ वाटर उद्योग | २०००।० | |
| | आइस बरफ उद्योग | ३०००।० | |
| | आइसक्रिम उद्योग | १०००।० | |

| | | | |
|---|---|---|---|
| **२.१०** | **भाडा उद्योग** | | |
| | धातुजन्य भाडा उद्योग | ६०००।० | |
| | प्लाष्टिजन्य भाडा उद्योग | ३०००।० | |
| | टिनको बाकस र यस्तै अन्य उद्योग | २०००।० | |
| **२.११** | **कुटानी, पिसानी, पेलानी मिल** | | |
| | पिसानी मात्र भएको | १०००।० | |
| | कुटानी (हलर) मात्र भएको | १०००।० | |
| | कुटानी (सेलर) मिल | ३०००।० | |
| | कुटानी हलर र सेलर दुवै भएको | ५०००।० | |
| | पेलानी मात्र भएको | १०००।० | |
| | कुटानी र पिसानी भएको | १५००।० | |
| | कुटानी (हलर) पिसानी र पेलानी | ६०००।० | |
| | कुटानी (हलर,सेलर), पिसानी र पेलानी | ७०००।० | |
| | मसला, चिउरा मिल | १०००।० | |
| **२.१२** | **डेरी उद्योग तथा बिक्री पसल** | ५०००।० | |
| | **डेरी बिक्री पसल** | २५००।० | |
| **२.१३** | **उपभोग्य बस्तु उत्पादन उद्योग** | | |
| | कुकिज,पाउरोटी,नुडल्स,चाउमीन उद्योग | १५००।० | |
| | कन्फेक्स्नरी उद्योग | १०००।० | |
| | किस्कुट उद्योग | १०००।० | |
| | दालमोठ उद्योग | १०००।० | |
| २.१४ | फलाम कृषि औजार उद्योग | १०००।० | |
| २.१५ | कागज, प्लाष्टिक रिकण्डिसन उद्योग | १०००।० | |
| २.१६ | सौर्यशक्ति मर्मत सम्भार/पार्ट बिक्री | १०००।० | |
| २.१७ | फाईवर वा काठको फर्निचर उद्योग/शोरूम | १५००।० | |
| २.१८ | कंक्रिट ब्लक, तारबार पोल उत्पादन गर्ने उद्योग | ३०००।० | |
| २.१९ | चिया पसल, नास्ता पसल | १०००।० | |
| २.२० | मिष्ठान भण्डार | १०००।० | |
| २.२१ | खाना खुवाउने होटल | १५००।० | |
| २.२२ | होटल तथा लज | २५००।० | |
| २.२३ | टेण्ट हाउस वा क्याटरिङ | ४०००।० | |
| **२.२४** | **सेवा उद्योग** | | |
| | छापाखाना अफसेट प्रेस | ४०००।० | |
| | छापाखाना स्क्रीन प्रिन्ट | १५००।० | |
| | फोटो स्टुडियो | १५००।० | |
| | भिडियो मिक्सिङ | १५००।० | |
| **२.२५** | **सञ्चार सेवा** | | |
| | इन्टरनेट वितरक | ४०००।० | |
| | केवल टि.भि. प्रशारण सेवा | ५०००।० | |
| | एफ एम प्रशारण सेवा | २०००।० | |
| | पत्रपत्रिका प्रकाशन | ५००।० | |
| | टेलिफोन टावर प्रति टावर | | |

| | | | |
|---|---|---|---|
| | मोबाइल रिचार्ज कार्ड थोक बिक्रेता | २०००।० | |
| | फोटोकपि,पीसीओ, साइबर क्याफे | १५००।० | |
| | कुरियर सेवा | १०००।० | |
| **२.२६** | **वित्तीय सेवा** | | |
| | **क** बर्गको बैंक मुख्य कार्यालय | २००००।० | |
| | **ख** बर्गको विकास बैंक मुख्य कार्यालय | १६०००।० | |
| | **ग** बर्गको वित्तीय संस्था मुख्य कार्यालय | १२०००।० | |
| | **घ** बर्गको वित्तीय संस्था मुख्य कार्यालय | ८०००।० | |
| | **क** बर्गको बाणिज्य बैंक प्रति शाखा कार्यालय | ३००००।० | |
| | **ख** बर्गको विकास बैंक प्रति शाखा कार्यालय | १००००।० | |
| | **ग** बर्गको वित्तीय संस्था प्रति शाखा कार्यालय | ९०००।० | |
| | **घ** बर्गको वित्तीय संस्था प्रति शाखा उपशाखा कार्यालय | ७०००।० | |
| | शाखा रहित वित्तिय कारोबार सचालन | २०००। | |
| | बीमा कम्पनी मुख्य कार्यालय | ८०००।० | |
| | बीमा कम्पनी शाखा कार्यालय | ५०००।० | |
| | रेमिटान्स, मनी एक्सचेञ्जर | १५००।० | |
| | बहुउद्देश्यीय र बैंकिङ कारोबार गर्ने सहकारी संस्था | २५००।० | |
| | अन्य सहकारी संस्था | १५००।० | |
| **२.२७** | **शिक्षालय** | | |
| | निजी विद्यालय | | |
| | मा.वि. (१ देखि १२ ) | १००००।० | |
| | मा.वि. (१ देखि १०) | ५०००।० | |
| | आधारभूत विद्यालय (१ देखि ८) | ४०००।० | |
| | प्राथमिक विद्यालय (१ देखि ५) | ३०००।० | |
| | व्यवसायिक छात्र/छात्राबास | ३०००।० | |
| | मन्टेश्वरी तथा शिशु स्याहार केन्द्र | १५००।० | |
| **२.२८** | **इन्स्टीच्यूट, तालिम तथा प्रशिक्षक केन्द्र** | | |
| | पोलिटेक्निकल इन्स्टीच्यूट | १००००।० | |
| | एच ए ,स्टाफ नर्स | १००००।० | |
| | एजुकेशनल कन्सल्टेन्सी सेवा | ५०००।० | |
| | कम्प्युटर, इलेक्ट्रिकल, इलेक्ट्रोनिक तालिम केन्द्र | २०००।० | |
| | सवारी चालक तालिम केन्द्र | ५०००।० | |
| | भाषा शिक्षा इन्स्टीच्यूट, ट्यूशन तथा कोचिङ सेन्टर | ३०००।० | |
| **२.२९** | **मर्मत पसल** | | |
| | टि.भी., डेक, फ्रिज, कम्प्युटर, मर्मत पसल | २५००।० | |
| | मोर्वाइल मर्मत पसल | १५००।० | |
| | रेडियो, घडी मर्मत पसल | १५००।० | |
| **२.३०** | **बैदेशिक रोजगार व्यवसाय** | | |
| | बैदेशिक रोजगार व्यवसाय मुख्य कार्यालय | १००००।० | |
| | बैदेशिक रोजगार व्यवसाय शाखा कार्यालय | ७०००।० | |
| **२.३१** | **ड्राइक्लिनिङ, सैलुन तथा ब्यूटीपार्लर** | | |
| | ड्राइक्लिनिङ | १०००।० | |

| | | | |
|---|---|---|---|
| | सैलुन | २०००।० | |
| | व्यूटीपार्लर | १५००।० | |
| | व्यूटीपार्लर व्यूटीशियन तालिम सहित | १५००।० | |
| **२.३२** | **आर्ट व्यवसाय** | | |
| | डिजिटल आर्ट, प्रिन्ट व्यवसाय | २५००।० | |
| | अन्य हाते लेखन आर्ट | १५००।० | |
| **२.३३** | **पशु बधशाला** | | |
| | पशु बधशाला | ३०००।० | |
| | पशुको छाला संकलन तथा बिक्री केन्द्र | २०००।० | |
| | राँगा मासु पसल | १५००।० | |
| | खसी बोका मासु पसल | १५००।० | |
| | बँगुर मासु पसल | १५००।० | |
| | माछा मासु पसल | १०००।० | |
| | कुखुरा मासु पसल | १५००।० | |
| **२.३४** | **फूल बिरूवा विक्री पसल** | | |
| | नर्सरी | २५००।० | |
| | फूल बिक्री पसल | १०००।० | |
| **२.३५** | **कवाडी खरिद विक्रीपसल** | १५००।० | |
| **२.३६** | **स्पोर्टस,खेलौना, गिफ्ट तथा फोटो फ्रेम पसल** | | |
| | स्पोर्टस सामाग्री विक्री पसल | १५००।० | |
| | गिफ्ट विक्री पसल | १५००।० | |
| | खेलौना पसल | १५००।० | |
| | फोटो फ्रेम पसल | १५००।० | |
| **२.३७** | **सिलाई पसल** | | |
| | सिलाई पसल सटिङ सुटिङ | ३०००।० | |
| | सिलाई पसल अन्य | १५००।० | |
| | बुटिक ल्याबरोटरी | १५००।० | |

## अनुसूची (५)
## जडिबुटी, कवाडी र जीवजन्तु निकासीकर

| सि.नं. | विवरण | कर | कैफियत |
|---|---|---|---|
| १ | ऊन जगर प्रति के.जी | १।० | |
| २ | खोटो प्रति के.जी | ३।० | |
| ३ | जडीबुटी प्रति के.जि (टिमुर, तेजपात, काउलो लगायत अन्य) | १।० | |
| ४ | बनकस (खर) बावियो, मलहन पत्ता, छुवाली, पराल, बगास, निगालो, लोक्ता, पटेर, अम्लिसो कुचो, बेत प्रति के.जी. | १।० | |
| ५ | कवाडी माल प्रति के.जि | २।० | |
| ५.१ | आल्मुनियम, फलाम, टिन प्रति के.जि | २।० | |
| ५.२ | कागज, गत्था, रबर प्रति के.जि | ०.५ | |
| ५.३ | तामा, काँस, पीतल,सीसा प्रति के.जि | ५।० | |

| | | | |
|---|---|---|---|
| ६ | जिवजन्तुको हाड प्रति के.जी. | २।० | |
| ७ | प्वाँख प्रति के.जी. | ३।० | |
| ८ | छाला प्रति के.जी. | ३।० | |
| ९ | सिंग प्रतिगोटा | ३।० | |
| १० | तोरीको पिना प्रति के.जी. | १।० | |
| ११ | खसि बोका, भेडा, च्यांग्रा प्रति गोटा | २५।० | |
| १२ | पंक्षिजन्य प्रति गोटा | ५।० | |
| १३ | बंगुर, सुंगुर प्रति गोटा | २०।० | |
| १४ | राँगा, भैसी, गोरू, गाई, घोडा, खच्चर प्रतिगोटा | १००।० | |

## अनुसूची (६)
## बिज्ञापन कर

**गाउँपालिका क्षेत्र भित्रका व्यवसायिक प्रयोजनका सूचना बोर्ड,व्यानर आदिमा लाग्ने बिज्ञापन कर**

| सि.नं. | विवरण | वार्षिक कर | कैफियत |
|---|---|---|---|
| १ | होडिङबोर्ड १० बर्ग फिट सम्मका प्रति बर्ग फिट | २५।० | |
| २ | होडिङबोर्ड १० बर्ग फिट भन्दा ठूला प्रति बर्ग फिट | ४०।० | |
| ३ | भित्ते लेखन प्रति बर्ग फुट | २०।० | |
| ४ | बिद्युत वा टेलिफोनका पोलमा राखिएका बोर्ड प्रति बोर्ड | ३००।० | |
| ५ | तुल व्यानर, फ्लेक्स प्रिन्ट १० बर्ग फिट सम्म प्रति बर्ग फुट | ५००।० | |
| ६ | तुल व्यानर, फ्लेक्स प्रिन्ट १० बर्ग फिट भन्दा ठूला प्रति बर्ग फुट | ८००।० | |
| ७ | अस्थायी रूपमा सडक वारपार गरी लगाइएका व्यानर प्रति दिन | ४०।० | |
| ८ | डिजिटल डिस्प्ले प्रति बर्ग फुट | १००।० | |
| ९ | अडियो भिडियो डिस्प्ले प्रति बर्ग फुट | १००।० | |

## अनुसूची (७)
## बहाल बिटौरी कर

| सि.नं. | विवरण | वार्षिक कर | कैफियत |
|---|---|---|---|
| १ | कपुरकोट बजार क्षेत्रमा मासिक | २००।० | |
| २ | कपुरकोट बजारक्षेत्र भन्दा बाहिर मासिक | १००।० | |

## अनुसूची (८)
## पार्किङ शुल्क

| सि.नं. | विवरण | २ घण्टा सम्मको | २४ घण्टा सम्मको |
|---|---|---|---|
| १ | ठूला सवारी साधन (बस,ट्रक,टेक्टर) | ५०।० | २००।० |

| | | | |
|---|---|---|---|
| २ | साना सवारी साधन (मिनीबस,माइक्रोबस,जिप,कार टेम्पो) | ३०।० | १२०।० |
| ३ | मोटरसाइकल, स्कुटर | १०।० | ८०।० |

## अनुसूची (९)
## सवारी सेवा शुल्क

| सि.नं. | विवरण | वार्षिक कर | कैफियत |
|---|---|---|---|
| १ | गाउंपालिका क्षेत्रमा गाउंपालिकाले निमार्ण गरेका सडकहरूमा सञ्चालन हुने सवारी साधनहरूमा देहाय बमोजिम सवारी साधन सेवा शुल्क अशुलउपर गरिनेछ | | |
| १.१ | ट्रिपर, प्रति ट्रिप | १५०।० | |
| १.२ | ट्रक बस, टेक्टर प्रति ट्रिप | १००।० | |
| १.२ | मिनी बस, जिप, कार डेलिभरी भ्यान प्रति ट्रिप | ५०।० | |

## अनुसूची (१०)
## घर नक्शा पास शुल्क

| सि.नं. | विवरण | वार्षिक कर | कैफियत |
|---|---|---|---|
| १ | नक्सा पास किताव | ५००।० | |
| २ | घर नक्सा नामसारी | १०००।० | |
| ३ | बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभुत मापदण्ड, २०७२ बमोजिम बर्गीकृत भवनको नक्सापास दस्तुरदेहाय बमोजिम हुने | | |
| ३.१ | क बर्गको भवन प्रति तला प्रति बर्ग फुट | ८।० | बैंकिङ प्रयोजनका लागि |
| ३.२ | ख बर्गको भवन प्रति तला प्रति बर्ग फुट | ७।० | |
| ३.३ | ग बर्गको भवन प्रति तला प्रति बर्ग फुट | ५।० | |
| ३.४ | घ बर्गका भवन एकमुष्ट | २०००।० | |

## अनुसूची (११)
## दहत्तर बहत्तर तथा अन्यशुल्कहरू

| सि.नं. | विवरण | शुल्क/दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | गाउँपालिकाको हल भाडा (प्रतिदिन) | १,०००।० | |
| २ | प्रोजेक्टर भाडा -प्रतिदिन) | ८,००।० | |
| ३ | साउण्ड सिस्टम भाडा -प्रतिदिन) | रू१,०००।० | |
| ४ | दहत्तर बहत्तर कर (ढुंगा गिट्टी बालुवा) | रू १२०।०-प्रतिघनमिटर) | |
| ५ | कुकाठ -कपुरकोट गाउँ कार्यपालिका परिसरभित्र वा गाउँपालिका मातहतका कार्यालय परिसर्र भत्र रहेका) | रू १००।०-प्रति क्यु फिट) | |
| ६ | चमेनागृह -क्यान्टीन) भाडा- १०/१५ वर्गमिटर सम्म प्रयोग गरे वापत -प्रति कोठा) | रू १,०००।०-मासिक) | |

| | | | |
|---|---|---|---|
| ७ | घुमन्ते रूपमा ब्यवसाय गर्दा पटके कर (दर्ता नभएका ब्यवसायी | | |
| ७.१ | पैदल रूपमा झोला, पोकामा (गाउँपालिका भित्रका ब्यवसायी) | रू ५,००।०सम्म | |
| ७.२ | पैदल रूपमा झोला, पोकामा (गाउँपालिका वाहिरका ब्यवसायी) | रू १०००।० | |
| ७.३ | सवारि साधनमा ब्यापार गर्दा | वस्तु तथा मुल्यको आधारमा रू ६००।०देखी रू १,०००।०सम्म | |
| **८** | **व्यवसाय सुचिकरण** | | |
| | १.निर्माण व्यावसाय तथा परामर्शदाता | १,०००।० | |
| | २.मिडिया | ५००।० | |
| | ३.इलेक्ट्रोनिक्स सप्लायर्श तथा मर्मत | १,०००।० | |
| | ४.पुस्तक पसल तथा सप्लायर्स | १,०००।० | |
| | ५.फर्निचर तथा डेकोरेशन | १,०००।० | |
| | ६.एग्रोभेट कृषि औजार तथा मेडिकल पसल तथा सप्लायर्स | १,०००।० | |
| | ७.नर्सरि व्यवसाय | १,०००।० | |
| | ८.अन्य | १,०००।० | |

## अनुसूची (१२)
## फोहोरमैला व्यवस्थापन, खानेपानी तथा सरसफाई शुल्क

| सि.नं. | विवरण | शुल्क/दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | सरसफाई शुल्क मासिक | | |
| १.१ | पक्की घर कच्ची घर प्रति घर प्रति तला | ५०।० | |
| १.२ | किराना, ईलेक्ट्रोनिक तथा मोबाईल, सुनचाँदी, फेन्सी, कस्मेटिक, जस्ता व्यवसाय प्रति पसल मासिक | ७५।० | |
| १.३ | नाई, हस्पिटल तथा क्लिनिक, तरकारी पसल आदि व्यवसायहरूको मासिक प्रति पसल | १५०।० | |
| १.४ | बैंक, सहकारी तथा वित्तीय संस्था लगाएत कार्यालयहरू | १५०।० | |
| २.३ | होटेल,बधसाला,ग्यारेज | २००।० | |
| २.४ | खाजा घर, मिनि टेलर | १००।० | |
| २.५ | मिनि टेलर ग्यारेज | १५०।० | |
| २.६ | मासु पसल,भाडा पसल, टेलर्स, मदिरा स्टोर्स, | १००।० | |
| १.९ | कृषि हाटबजार (हाट बजार संचालन भएका बेला मात्र) | ५००।0 | |